नेपालको संविधानको धारा २१८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम मिति २०७६/०७/२५ गते बसेको वीरगंज महानगरपालिका, नगर कार्यपालिका बैठकमा छलफलका लागि पेश गरिएका देहायका एजेन्डाहरुमा निम्नअनुसार निर्णय गरियो ।

<table>
<tr><th>क्रसं.</th><th>एजेन्डाहरु</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>आय ठेका सम्बन्धमा ।</td><td>
<u>१.१ आय ठेक्काको न्युनतम ठेक अंक घटाउने सम्बन्धमा :</u><br>
बीरगंज महानगरपालिकाले उठाउन पाउने कर उठाउनका लागी यस कार्यपालिकाको मिति २०७६/०३/३१ र २०७६/ ०५ /१५ को निर्णय बमोजिम तपसिल अनुसारका आय शिर्षकमा ठेक्का बन्दोबस्त गर्न न्युनतम ठेक कायम भई नगर कार्यपालिकाको कार्यालय बाट तीन (३) पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सुचना प्रकाशन गर्दा पनि ठेक्का नलागेकोले स्थानीय राजस्व परामर्श समितिको मिति २०७६/०७/२१ को बैठकबाट न्युनतम ठेक अंक घटाई आय ठेक्का लगाउन कार्यपालिकालाई सिफारिस गरेको हुँदा चालु आ.ब. २०७६/०७७ का लागि देहाय बमोजिमको आय शिर्षकमा निम्न अनुसारको न्युनतम ठेक अंक कायम गर्ने निर्णय गरियो ।
<table>
<tr><th>क्र.स.</th><th>आय शिर्षक</th><th>न्युनतम ठेक अंक (बार्षिक)</th></tr>
<tr><td>१</td><td>सवारी व्यवस्थापन सेवा शुल्क</td><td>५ (पांच) करोड</td></tr>
<tr><td>२</td><td>जडिबुटी, कबाडी तथा जीवजन्तु सेवा शुल्क</td><td>१(एक)करोड ५०(पचास) लाख</td></tr>
<tr><td>३</td><td>सवारी पार्किंग शुल्क</td><td>५० (पचास) लाख</td></tr>
<tr><td>४</td><td>बहाल बिटोरी (पिठिया) कर</td><td>५० (पचास) लाख</td></tr>
</table>
<u>१.२ बाँकी अवधिका लागि आय ठेक्काको सुचना प्रकाशन सम्बन्धमा:</u><br>
निर्णय न. १.२ मा उल्लेखित न्युनतम ठेक अंक बार्षिक भएकोले ठेक्का बन्दोबस्त गर्दा बार्षिक न्युनतम अंकमा बोलपत्र दर्ता हुने अवधि सम्म को दामासाहीको हिसाबले हुन आउने रकम घटाई बाँकी रकम बराबर न्युनतम ठेक अंक कायम गरि सुचना प्रकाशन गर्ने तथा समझौता गर्दा सम्झौता मिति देखि बाँकी अवधिको दामासाहीको हिसाबले कबोल अंकको हुन् आउने रकममा सम्झौता गर्ने निर्णय गरियो ।
</td></tr>
<tr><td>२</td><td>जनसहभागितामा आधारित कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।</td><td>बीरगंज महानगरपालिकाको नगर सभाको ५ औ अधिवेशनबाट चालु आ.ब. २०७६/०७७ का लागि स्वीकृत बजेट तथा कार्यक्रम तर्फ पुजीगत खर्च शिर्षक न. ३११५९ मा जनसहभागितामा आधारित कार्यक्रमका लागि विनियोजित बजेट रु ४ (चार) करोड बाट देहायको शर्तमा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।</td></tr>
</table>

प्रमुख प्रशासकीय अधि

| | | |
|---|---|---|
| | बीरगंज महानगरपालिकाको नगरकार्यपालिकाको कार्यालय बीरगंज, पर्सा २ न.प्रदेश (नेपाल) २०७४ | (क) वडा न. १ देखि १६ सम्म जनसहभागिता (लागत सहभागिता) अंश ५०(पचास) प्रतिशत र नगरपालिकाको अंश ५० (पचास) प्रतिश तथा वडा न. १७ देखि ३२ सम्म जनसहभागिता (लाग सहभागिता) को अंश ४० (चालीस) प्रतिशत र नगरपालिकाको अ ६० (साठी) प्रतिशत कम्तिमा हुनु पर्ने ।<br>(ख) पूर्वाधार क्षेत्रमा मात्र आयोजना छनौट गर्ने ।<br>(ग) बुँदा नं. (क) भन्दा बढी लागत सहभागिता भएको आयोजनाल प्राथमिकतामा राखी छनौट गर्ने ।<br>(घ) आयोजना पेश गर्न १५ दिने सार्बजनिक सुचना प्रकाशन गर्ने ।<br>(ङ) ग्रामिण तथा शहरी वडाहरुको लागि छुट्याएको रकम पूर्ण रुपमा ख हुने अवस्था नभएमा वा आयोजना मांग नभएमा अर्को वडा क्षेत्रक आयोजना छनौट गर्न सकिने ।<br>(च) जनसहभागितामा आधारित कार्यक्रम तर्फको आयोजना छनौट ग देहाय बमोजिमको समिति रहने ।<br>संयोजक - प्रमुख बीरगंज महानगरपालिका<br>सदस्य - संयोजक भौतिक पूर्वाधार विकाश समिति,(बि.म.न.पा)<br>सदस्य - प्रमुख प्रशासकीय अधिकृत बीरगंज महानगरपालिका<br>(छ) जनसहभागितामा आधारित कार्यक्रमको बजेट खर्च नभएमा वा मांग नभएमा स्थानीय पूर्वाधार बिकाश साझेदारी कार्यक्रम संग साझेदारी गर्न बिनियोजन गर्न सक्ने वा अन्य पुर्वाधारका योजनामा सारी खर्च गर्न सक्ने । |
| ३ | सडक बोर्डको आयोजना छनौट सम्बन्धमा । | ३.१ सडक बोर्डको आयोजना छनौट सम्बन्धमा :<br>बीरगंज महानगरपालिकाको नगर सभाको ५ औ अधिबेशनबाट चालु आ.ब.२०७६/०७७ का लागि स्वीकृत सडक बोर्ड कार्यक्रमको बजेटबाट देहाय बमोजिमका आयोजना छनौट गरि सडक बोर्ड कार्यक्रमको मोडालिटी अनुसार ठेक्का पट्टा बाट कार्यान्वयन गर्ने निर्णय गरियो ।<br><br>क) बीरगंज महानगरपालिका वडा न. १२ मुल सडक देखि प्रहरी उपरीक्षकको कार्यालय सम्म कालोपत्रे सडक तथा नाला मर्मत ।<br>ख) बीरगंज महानगरपालिका वडा न. ८ रेल्वे सडक देखि ३ न, रोड गणेशमान सिंह चौक हुँदै बिर्ता मन्दिर सम्म कालोपत्रे सडक तथा नाला मर्मत ।<br>ग) बीरगंज महानगरपालिका वडा न. १ बहि पुल देखि श्रीसिया पुल जाने बाटोमा कालोपत्रे सडक मर्मत ।<br>घ) बीरगंज महानगरपालिका वडा न.६ माइस्थान चौक देखि गहवा माइ मन्दिर हुदै २ न.सडक कन्या उच्च माध्यमिक बिद्यालयको चौक |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | बीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय बीरगंज, पर्सा २ नं.प्रदेश (नेपाल) २०७४ | भन्दा अगाडी सम्म कालोपत्रे सडक तथा नाला मर्मत ।<br>ङ) बीरगंज महानगरपालिका वडा न. १० घडिअर्वा पोखरीको पश्चिम गेट न.२ देखि अशोकबाटिका - श्मसानघाट हुँदै पुल सम्म कालोपत्रे सडक मर्मत ।<br>**३.२ सम्पुरक कोष सम्बन्धमा :**<br>आयोजना कार्यान्वयन गर्दा आयोजनाका लागि आवस्यक सम्पुरक कोषको रकम नगर सभाबाट सडक बोर्ड कार्यक्रम तर्फ म्याचिंग फन्ड का लागि विनियोजित बजेट रु ६५ (पैसठी) लाख बाट व्यहोर्ने निर्णय गरियो । |
| ४ | प्रदेश सरकार सशर्त आयोजना छनौट सम्बन्धमा । | प्रदेश सरकारबाट चालु आ.ब.२०७६/०७७ मा बीरगंज महानगरपालिकालाई प्राप्त सशर्त अनुदानको रकमबाट देहाय बमोजिमको आयोजना छनौट गरि ठेक्का पट्टाको माध्यमबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।<br>(क) बीरगंज महानगरपालिका वडा न .१३ मा नहर बाटो देखि पश्चिम तर्फ सडक तथा नाला निर्माण ।<br>(ख) बीरगंज महानगरपालिका वडा न .१४ मा मूल सडक देखि उतर बस्ति हुँदै बाईपास सडक सम्म बिभिन्न नाला तथा सडक निर्माण ।<br>(ग) बीरगंज महानगरपालिका वडा न .११ त्रिमुर्ति हल पछाडी रहेको पोखरी देखि पश्चिम ठुलो नालामा ग्रावेल सडक तथा नाला निर्माण ।<br>(घ) बीरगंज महानगरपालिका वडा न .१९ पदम रोडको बिन्दबासिनी चौक देखि मन्दिर सम्म पिच सडक तथा नाला निर्माण । |
| ५ | जनसहभागिताको योगदान (अंश) सम्बन्धमा । | बीरगंज महानगरपालिकाको नगर सभाको ५ औ अधिवेशनबाट चालु आ.ब. २०७६/०७७ का लागि स्वीकृत नीति तथा कार्यक्रममा उपभोक्ता समिति संग कार्य गराउँदा २० प्रतिशत भन्दा बढी जनसहभागिता जुटाउने उपभोक्ता समितिलाई प्राथमिकता दिई आयोजना स्वीकृत गरिने छ भनि उल्लेख रहेको तर उपभोक्ता समितिले जनसहभागिता जुटाउन नसकिरहेकोले उपभोक्ता समितिको १० दस प्रतिशत जनसहभागितामा आयोजना स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो । |

०७६।८।२६

प्रमुख प्रशासकीय अधिकृत